# नेपाल माईक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड

# Nepal Micro Insurance Company Ltd.

Maharjan Complex, Bhrikuti Path, Bharatpur,
Chitwan, Nepal
Tel: 056-494327
Website: www.nepalmicro.com | E-mail: info@nepalmicro.com

## तेस्रो बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/११)**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस नेपाल माइको इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८२।१२।१० गते दिनको ४ बजे बसेको ४९औं बैठकको निर्णयानुसार आ.ब. २०८१/८२ को कम्पनीको तेस्रो बार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा बसी देहाय बमोजिमका विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै शेयरधनी महानुभावहरुलाई व्यक्तिगत रुपमा पठाइएको पत्र प्राप्त नभएपनि यसै सूचनालाई आधार मानी शेयरधनीको हैसियतले साधारण सभामा उपस्थितिको लागि अनुरोध गरिन्छ।

बार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय:

मिति : **२०८३ साल बैशाख १० गते विहिबार (तदनुसार २३ अप्रिल २०२६)**
स्थान : **चितवन मिडटाउन होटल (CMT HOTEL) भरतपुर, चितवन**
समय : बिहानको ११ :०० बजे

छलफलका बिषयहरु :

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.ब. २०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०८१/०८२ को कम्पनीको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३ कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.ब. २०८२/०८३ को लागि कम्पनीको बाहय् लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. कम्पनीले सामाजिक उत्तर दायित्व अन्तर्गत गरेको खर्च अनुमोदन सम्बन्धमा।

**(ख) विशेष प्रस्तावहरु :**

**(ग) विविध।**

## बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. नेपाल माइको इन्स्योरेन्स कम्पनी लिमिटेडको तेस्रो बार्षिक साधारण सभा सम्पन्न गर्नका लागि मिति २०८२।१२।२६ (तदनुसार ९ अप्रिल २०२६) गतेका दिन शेयर धनी दर्ता किताब बन्द रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सो मिति भन्दा अघिल्लो दिन अर्थात मिति २०८२।१२।२५ (तदनुसार ८ अप्रिल २०२६) गतेसम्म कारोवार भई यस कम्पनीको शेयर रजिष्ट्रार हिमालयन इन्भेष्टमेण्ट बैंकर लिमिटेड, नयाँवानेश्वर, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखत आधारमा शेयर धनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यो सभामा भाग लिन पाउने छन् ।

२. बार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हुने दिन डिम्याट खाता नम्बर र आफ्नो सक्कल परिचयपत्र प्रस्तुत गर्नुपर्ने छ । शान्ति सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा यथाशक्य झोला, व्याग जस्ता वस्तुहरु नलिई आउन हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन, २०६३ अनुसारको लेखा परीक्षकको प्रतिवेदन सहितको बार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन तथा बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु यस कम्पनीको वेभ साइट www.nepalmicro.com बाट प्राप्त गर्न सकिने छ ।

४. शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट जवाफ दिइने छ ।

५. शेयरधनी महानुभावहरुले छलफलका विषयहरुमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले छलफललाई व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु हुन अनुरोध छ ।

६ सभा शुरु हुने भनी तोकिएको दिन भन्दा कम्तिमा ४ (चार) दिन अर्थात ९६ घण्टा अगावै कम्पनीको कम्पनी सचिवालयमा कार्यालय समय भित्र प्रतिनिधिपत्र (प्रोक्सी) फाराम दर्ता गरी सक्नुपर्ने छ । एक शेयरधनीले एकभन्दा बढी प्रतिनिधिपत्र ( प्रोक्सी) नियुक्त गरेको अवस्थामा यस अघि दिएको सबै प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी सो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र लेख्नुपर्नेछ र अरु सबै प्रतिनिधिपत्र (प्रोक्सी) वदर हुनेछ । तर शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरी पठाइएको पाइएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भए तापनि सबै प्रतिनिधिपत्र ( प्रोक्सी) बदर हुनेछ । एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधिपत्र (प्रोक्सी) दिन पाइने छैन ।

७. नाबालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउँनेछन् ।

८. प्रतिनिधिपत्र (प्रोक्सी) मुकरर गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरीसकेको भए तापनि प्रोक्सी स्वतः बदर हुनेछ ।

९. कुनै बैंक वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस कम्पनीको शेयर खरिद गरेको अवस्थामा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठित संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन सक्नेछ ।

१०. शेयरधनी महानुभावहरुको सुविधाका लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन १०.०० बजे देखि खुला रहने छ । शेयरधनी नम्बरको आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावहरुले आफ्नो शेयरधनी नम्बर वा BOID नम्बर अनिवार्य रुपमा प्रस्तुत गरी दिनु हुन समेत अनुरोध गरिन्छ ।

११. यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको प्रधान कार्यालय, महर्जन कम्प्लेक्स, भृकुटीपथ, भरतपुर, चितवन र प्रदेश कार्यालय, महामति भवन, गैह्रिधारा, काठमाडौंस्थित कम्पनी सचिवालयमा सम्पर्क राख्न हुन समेत अनुरोध गरिन्छ ।

संचालक समितको आज्ञाले

कम्पनी सचिव

सम्पर्क फोन नं.०१ -४५२९३६२/ ६३, ९८२०११३००७